# ताङ् वा अस्पताल समुह संकट नियन्त्रण केन्द्र
# संकट नियन्त्रण र समर्थन सेवा

**TWGHs संकट नियन्त्रण केन्द्र**

संकट नियन्त्रण सेवाको मुख्य उद्देश्य यौन दुर्व्यवहारबाट पीडित व्यक्ति तथा पारिवारिक झै-झगडा वा अन्य समस्यबाट पिडित परिवारलाई समस्याको रोकथाम तथा सहयोग प्रदान गर्नु हो । हाम्रो सहयोग सेवा अन्तर्गत २४सै घण्टा टेलिफोन हटलाईन, घर-दैलो कार्यक्रम र छोटो समयको लागि बसोवासको व्यवस्था गरिन्छ ।

**१. सेवाका उद्देश्यहरु**

✧ पिडित व्यक्ति तथा परिवारले भोगिरहेका समस्यालाई समाधान गर्न सहयोग तथा ती समस्यालाई झन् बिग्रन नदिनु अनि पिडित व्यक्ति/परिवारलाई सम्बन्धित स्वास्थ्य केन्द्र र सामाजिक सेवा केन्द्रसँग सम्पर्क राखि समयमा नै उचित सेवाको व्यवस्था गर्नु हो ।

✧ यौन दुर्व्यवहारबाट पिडित व्यक्तिलाई उपयुक्त स्वास्थ्य सेवा,कानुनी सल्लाह तथा परामर्श सेवा पाउन मद्दत गर्नु अनि ति यातना/पिडित अनुभवलाई निराकरण गरि पिडित व्यक्तिको आत्मबल बढाउनु हो।

**२. सेवाको लक्षित बर्ग**

**उमेर, लैंगिक तथा जातिय भेदभाव नराखी**

✧ यौन दुर्व्यवहारबाट पिडित व्यक्ति ।

✧ व्यक्ति तथा परिवार जो पारिवारिक झै-झगडा र यस अन्तरगत बाल दुर्व्यवहार, पति-पत्निबीच कुटपीट(पत्निवाट कुटपीट पाएको पति पनि) र वृद्ध दुर्व्यवहारबाट पिडित छन ।

✧ व्यक्ति बिशेष तथा परिवार जो अन्य पारिवारिक संकटबाट गुज्रिरहेका छन् र जसलाई शरणको आवश्यकता छ ।



**३. सेवाका क्षेत्रहरु**

✧ **२४ सै घण्टा हटलाईन**

दर्ता भएका समाजसेवीहरुबाट २४ सै घण्टा टेलिफोन हटलाईन सेवा खुला गरिएको छ ।यौन दुर्व्यवहारबाट पिडित व्यक्ति तथा पारिवारिक झै-झगडा र अन्य समस्याबाटपिडित व्यक्ति/परिवारलाई जोखिम परिस्थितिको यथाशिघ्र जाँचबुझ गरि सर-सल्लाह प्रदान गर्नु हो ।

✧ **घर-दैलो सेवा**

समाज सेवा बिभागको अफिस नभएको समयमा पनि तुरुन्तै दुवै यौन पिडित र वृद्ध दुर्व्यवहार भएकाहरुको घर-दैलोमा गई सेवा उपलब्ध गराईन्छ।

✧ **छोटो अवधिको लागि बसोबासको सुबिधा**

व्यक्तिहरु वा परिवारहरु जसलाई बसोबासको वा शरणको आवश्यकता छ उनीहरुलाई छोटो समय जुन २ हप्ता भन्दा बढि नहुने गरि बस्ने सुबिधा उपलब्ध गराईन्छ, बसाईको अवधिमा उचित सेवाहरु जस्तै परामर्श र समुहको उपचार अनि उनीहरुको मानसिक घातबट राहत मिल्न र समस्यासँग सामना गर्न सक्ने क्षमतालाई वृद्धि गराउनु हो।

✧ **सिफारिस र सहयोग सेवाहरु**

कुनै व्यक्ति बिशेष वा परिवारलाई उपयुक्त संरक्षण र सेवाको जरुरत परेमा उसलाई समाज सेवा विभाग, अस्पताल संस्था, पुलिस बिभाग वा सम्बन्धित निकायहरुमा सिफारिस गरिन्छ ।

## ४. खुला हुने समयः

✧ दर्ता भएका समाज सेवीहरुबाट सेवाको जरुरत व्यक्ति (हरु) लाई वर्षभरि नै निरन्तर सेवा प्रदान गरिने।

## ५. शुल्क

निःशुल्क

## ६. सेवाको लागि निवेदन पत्रः

✧ जो व्यक्तिलाई आवश्यक पर्छ उसले सँकट नियन्त्रण केन्द्रको २४ घण्टा हटलाईन नम्बर १८२८१ मा टेलिफोन गरि सम्पर्क गर्न सक्छन् ।

## ७. सेवाको अन्त गर्न चाहेमा

✧ जिम्मवार समाजसेवी र सेवा लिईरहेका व्यक्तिहरुको आपसी मेलमिलापमा सेवा अन्त गर्न सकिन्छ, सेवा प्राप्त गरिरेहका व्यक्तिको अनुरोधमा सेवा खारेज गर्न सकिन्छ ।

## ८. सोधपुछ

✧ चिठीपत्रबाट : 6/F,TWGHs Wong Fung Ling Memorial Building, 12 Po Yan Street, Sheung Wan, Hong Kong ( Fwd. to CEASE Crisis Centre).

✧ फ्याक्स : २७०३ ४१११

✧ इ-मेल : ceasecrisis@tungwahcsd.org

✧ वेबसाइट : http://ceasecrisis.tungwahcsd.org

*भाषा उपलब्ध: इंग्लिस,क्यान्टोनिज र म्यान्डरिन ।*

*यदि उपलब्ध भयो भने दोभाषे सेवाहरु पनि गराउने छौं ।*

ताङ् वा अस्पताल समुह सकट नियन्त्रण कन्द्र
संकट नियन्त्रण र समर्थन सेवा


यौन दुर्व्यवहारबाट पिडित व्यक्तिलाई सहयोग सेवाको लागि हटलाईन नम्बर

# निरन्तर रुपमा पाउने सेवाहरु

# २४ सै घण्टा दर्ता भएका समाजसेवीहरुबाट व्यावसायिक सहयोग

**<u>सेवाको मुख्य उद्देश्यः</u>**

- ✧ पिडित व्यक्तिको विभिन्न पक्षका आवश्यकतालाई उसको संकट घडीमा र त्यसपछि पनि सेवा र रेखदेख प्रदान गर्नु ।
- ✧ पिडित व्यक्तिलाई पूर्णतया सेवा र सहयोग प्रदान गर्नु ।
- ✧ पिडित व्यक्तिलाई पुन-प्राप्ति अवधिमा साथ दिनु र पुनः आत्मा विश्वास बढाई भविष्यको सामना गर्न मद्दत पुर्याउनु ।

18281 

**<u>हामी यौन दुर्व्यवहारबाट पिडित व्यक्तिहरुलाई निम्न लिखित सहयोगहरु प्रदान गर्छौं:</u>**

- ✧ बर्षभरिनै तालिम प्राप्त दर्ता भएका समाज सेवीहरुबाट २४ घण्टा टेलिफोन हटलाईन सेवाको व्यवस्था ।
- ✧ जोखिम अवस्थाको तुरुन्त जाँचबुझ र सर-सल्लाह प्रदान गर्ने ।
- ✧ समाज सेवा बिभागको सम्पर्कमा आएका व्यक्तिलाई आवश्यक परेमा अफिस नभएको समयमा पनि तुरुन्तै घर-दैलोमा सेवा प्रदान गरिन्छ ।
- ✧ सेवाको योजनामा सम्पर्क सहयोग गर्ने
- ✧ अस्पतालसँग मेलमिलाप राखि स्वास्थ्य परिक्षण र उपचार, आकस्मिक गर्भनिरोधका विधिहरु, यौन सँक्रमण सम्बन्धित रोगहरुको जाँच र अरु मेडिकल सम्बन्धि सहयोग
- ✧ पिडित व्यक्तिको मञ्जुरीमा समाजसेवीले तोकेको पुलिस चौकीमा घटनाको विवरण दिन र सम्बन्धित कानुनी मामिलामा पिडितलाई सहयोग गर्ने ।
- ✧ पिडित व्यक्ति र उसको परिवारका सदस्यहरुलाई उक्त संकटकालिन घटनापछि आवश्यक सरसल्लाह प्रदान गर्ने ।
- ✧ पिडित व्यक्तिलाई संरक्षणको आवश्यक परेमा सिफारिस गरिदिनु वा अस्थाई रुपमा बसोबास सुबिधा उपलब्ध गराउनु ।
- ✧ पिडित व्यक्तिको आत्मविश्वास बढाई सन्तुलित अवस्थामा ल्याउनु र कम्तिमा ६ महिनासम्म सर-सल्लाह प्रदान गर्नु ।

## यौन दुर्व्यवहारको शिकार हुनु तपाईको गल्ति होइन !
## यौन दुर्व्यवहार रोकौं आफूलाई सुरक्षित राखौं ।

अहिले नं१८२८१ मा फोन गरौं ।



तपाईले पुलिसलाई खवर गरेपनि नगरेपनि,
हामी तपाईको निर्णयलाई कदर गर्दछौं ।

**<u>हामी निम्न कुराहरुमा जोड दिन्छौं</u>**

- पिडित व्यक्तिको मामलामा सुरक्षित र गोप्य राख्ने ।
- पिडित व्यक्तिको आत्मवललाई कदर गरि उसलाई सुरक्षा प्रदान गर्ने ।
- पिडित व्यक्तिलाई स्वास्थ्य सेवा,पुलिस, कानुनी निकाय र सम्बन्धित सँघ संस्थासँग सम्पर्क र मेलमिलाप राखि ति पीडादय अनुभवलाई कम गर्न मद्दत गर्ने ।
- पिडित व्यक्तिलाई चुपचाप रही पिडा सहनुभन्दा अगाडि बढि बोल्न र समस्याको सामना गर्न प्रोत्साहन दिने र उसको स्वतन्त्र,शान्त र सुरक्षित जीवन बिताउने अधिकारलई कायम गर्न मद्दत दिने ।

## तपाईको संकट घडीमा पूर्णतया सहयोग दिन्छौं ।
## तपाईको उपचार अवधिमा पूर्णतया साथ दिन्छौं ।



सँकट नियन्त्रण केन्द्र लोटरीज फण्डद्वारा सहयोग प्राप्त भएको हो ।
हटलाईन सेवाको प्रणाली PCCW बाट सहयोग गरिएको हो ।